कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस्।)

वर्ष: २६ अंक: १९२ वि.सं. २०८३ कार्तिक १३ शुक्रवार नेपाल संवत्: ११४६ कार्तिक कृष्ण पञ्चमी Friday 30 October 2026 yugaawhan@gmail.com पृष्ठ: ४ मूल्य: ५ ।-

कर्णालीको बजेट खर्च ७.२० प्रतिशत

तीन महिनामा विकास बजेट तीन प्रतिशत कार्यान्वयन हुँदा चालु खर्च १२ प्रतिशत

समग्रमा, प्रदेश सरकारको असोज मसान्तसम्मको खर्च विवरणमा चालु बजेटको तुलनामा पुँजीगत बजेट खर्चको प्रगति कम देखिएको छ । कुल बजेटको ७.२० प्रतिशत खर्च हुँदा पुँजीगततर्फको खर्च प्रगति ३.९३ प्रतिशतमा सीमित छ । तीन महिनाको अवधिमा प्रदेशको प्रशासनिक खर्च अर्थात चालु बजेट १२.२४ प्रतिशत खर्च भएको छ । प्रदेश सरकारको कुल बजेटमध्ये ३२ अर्ब ८४ करोड ९७ लाख ९६ हजार २०३ रुपैयाँ ४८ पैसा खर्च हुन बाँकी छ ।

ओम शाही
सुर्खेत, १२ कार्तिक ।।

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/०८४ का लागि विनियोजन गरेको बजेटमध्ये असोज मसान्तसम्म ७.२० प्रतिशत मात्रै खर्च गरेको छ। प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रुपैयाँ विनियोजन गरेकोमा असोज मसान्तसम्म दुई अर्ब ५४ करोड ८७ लाख ५१ हजार ७९६ रुपैयाँ ५२ पैसा खर्च भएको छ।

प्रदेश लेखा नियन्त्रक कार्यालयको मन्त्रालयगत खर्च विवरणअनुसार असोज मसान्तसम्म प्रदेश सरकारको ३२ अर्ब ८४ करोड ९७ लाख ९६ हजार २०३ रुपैयाँ ४८ पैसा बजेट खर्च हुन बाँकी छ। कुल विनियोजित बजेटमध्ये चालुतर्फ १४ अर्ब १५ करोड १८ लाख ३६ हजार रुपैयाँ र पुँजीगततर्फ २० अर्ब ७४ करोड ६७ लाख १२ हजार रुपैयाँ तथा वित्तीय व्यवस्थातर्फ ५० करोड रुपैयाँ विनियोजन गरिएको छ।

तीन महिनाको अवधिमा चालुतर्फ एक अर्ब ७३ करोड २७ लाख २४ हजार २९४ रुपैयाँ ८० पैसा खर्च भएको छ। यो चालु बजेटको १२.२४ प्रतिशत हो। पुँजीगततर्फ ८१ करोड ६० लाख २७ हजार ५०१ रुपैयाँ ७२ पैसा खर्च भएको छ। यो पुँजीगत बजेटको ३.९३ प्रतिशत हो। वित्तीय व्यवस्थातर्फ भने खर्च भएको छैन। कुल बजेटको ७.२० प्रतिशत खर्च हुँदा बाँकी ९२.८० प्रतिशत रकम खर्च हुन बाँकी छ। प्रदेश सरकारले वित्तीय व्यवस्थातर्फ ५० करोड रुपैयाँ विनियोजन गरेको छ। असोज मसान्तसम्म उक्त शीर्षकमा खर्च भएको छैन। कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधाका लागि दुई करोड रुपैयाँ र अर्थ-विविध शीर्षकमा ८८ करोड रुपैयाँ विनियोजन गरिएको छ। यी दुवै शीर्षकमा असोज मसान्तसम्म खर्च भएको छैन।

बाँकी ४ पेजमा



स्थानीय तहले खर्चिए ११ प्रतिशत बजेट

प्रदेश सरकारले स्थानीय तहका लागि पाँच अर्ब ५४ करोड ७२ लाख ८० हजार रुपैयाँ विनियोजन गरेको छ। असोज मसान्तसम्म स्थानीय तहका लागि विनियोजित रकममध्ये ६५ करोड ३२ लाख १९ हजार २५० रुपैयाँ खर्च भएको छ। यो विनियोजित बजेटको ११.७८ प्रतिशत हो। स्थानीय तहका लागि छुट्याइएको चार अर्ब ८९ करोड ४० लाख ६० हजार ७५० रुपैयाँ खर्च हुन बाँकी छ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद् को कार्यालयका लागि ८३ करोड ३५ लाख रुपैयाँ विनियोजन गरिएकोमा सात करोड २६ लाख २३ हजार ९३५ रुपैयाँ चार पैसा खर्च भएको छ। यो कुल बजेटको ८.७१ प्रतिशत हो। आर्थिक मामिला तथा योजना मन्त्रालयले २० करोड तीन लाख रुपैयाँ बजेटमध्ये तीन करोड एक लाख ११ हजार २४३ रुपैयाँ ८१ पैसा खर्च गरेको छ। यो बजेटको १५.०३ प्रतिशत हो।

प्रदेश व्यवस्थापिकाका लागि १४ करोड ७१ लाख १० हजार रुपैयाँ विनियोजन गरिएकोमा दुई करोड ३० लाख ५९ हजार १६९ रुपैयाँ २६ पैसा खर्च भएको छ। यो १५.६७ प्रतिशत हो।

बाँकी ४ पेजमा

पूर्वाधारमा सबैभन्दा बढी बजेट, खर्च ६ प्रतिशत

प्रदेश सरकारले सबैभन्दा बढी बजेट भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका लागि विनियोजन गरेको छ। उक्त मन्त्रालयका लागि १० अर्ब ९३ करोड २१ लाख १० हजार रुपैयाँ विनियोजन गरिएको छ।

असोज मसान्तसम्म मन्त्रालयले ६६ करोड ४६ लाख ८५ हजार ९५५ रुपैयाँ ६७ पैसा खर्च गरेको छ। यो मन्त्रालयको कुल बजेटको ६.०८ प्रतिशत हो। मन्त्रालयको बजेटमध्ये १० अर्ब २६ करोड ७४ लाख २४ हजार ४४ रुपैयाँ ३३ पैसा खर्च हुन बाँकी छ।

त्यस्तै, सामाजिक विकास मन्त्रालयका लागि ६ अर्ब एक करोड ४९ लाख दुई हजार रुपैयाँ विनियोजन गरिएको छ। असोज मसान्तसम्म मन्त्रालयले ५९ करोड ५९ लाख १३ हजार ४१४ रुपैयाँ ६५ पैसा खर्च गरेको छ। यो कुल बजेटको ९.९१ प्रतिशत हो। मन्त्रालयको पाँच अर्ब ४१ करोड ८९ लाख ८८ हजार ५८५ रुपैयाँ ३५ पैसा बजेट खर्च हुन बाँकी छ।

जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयका लागि चार अर्ब ८१ करोड ९५ लाख ८६ हजार रुपैयाँ विनियोजन गरिएको छ। मन्त्रालयले असोज मसान्तसम्म १४ करोड ६९ लाख १४ हजार ३९० रुपैयाँ ८२ पैसा खर्च गरेको छ। यो विनियोजित बजेटको ३.०५ प्रतिशत हो। मन्त्रालयको चार अर्ब ६७ करोड २६ लाख ७१ हजार ६०९ रुपैयाँ १८ पैसा बजेट बाँकी छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका लागि दुई अर्ब ८९ करोड १५ लाख २७ हजार रुपैयाँ विनियोजन गरिएकोमा १४ करोड ७७ लाख ६७ हजार १११ रुपैयाँ एक पैसा खर्च भएको छ। यो कुल बजेटको ५.११ प्रतिशत हो। मन्त्रालयको दुई अर्ब ७४ करोड ३७ लाख ५९ हजार ८८८ रुपैयाँ ९९ पैसा खर्च हुन बाँकी छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका लागि दुई अर्ब ४४ करोड ४७ लाख ६५ हजार रुपैयाँ विनियोजन गरिएको छ। मन्त्रालयले १९ करोड ४० लाख २८ हजार २३३ रुपैयाँ ६४ पैसा खर्च गरेको छ। यो बजेटको ७.९४ प्रतिशत हो।

पुस्तकालयको रकम हिनामिना गरेको आरोपमा भ्रष्टाचार मुद्दा

युग संवाददाता
सुर्खेत, १२ कार्तिक ।

जाजरकोटको एक विद्यालयमा पुस्तकालय अनुदानको रकम दुरुपयोग गरेको आरोपमा चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ।

जिल्लाको कुशे गाउँपालिका-२ स्थित मान्नेढुङ्गा माध्यमिक विद्यालयमा आर्थिक वर्ष २०७१/०७२ देखि २०७३/०७४ सम्मको जिल्ला शिक्षा कार्यालयबाट प्राप्त पुस्तकालय अनुदान बापतको रकम विद्यालयका पदाधिकारी तथा कर्मचारीहरूले सापटी लिएको तर फिर्ता नभएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो।

उक्त उजुरीका आधारमा अनुसन्धान थालेको अख्तियारले विद्यालयमा आर्थिक वर्ष २०७३/०७४ को जिल्ला शिक्षा कार्यालयबाट प्राप्त पुस्तकालय अनुदान वापतको रकम तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिचन्द्र जैसी, सदस्य जनकबहादुर नेपाली, तत्कालीन प्रधानाध्यापक धनबहादुर सिंह, तत्कालीन लेखा सहायक धिरेन्द्रबहादुर सिंहले हिनामिना गरेको भेटिएपछि विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।

बिहिबार अख्तियारद्वारा विशेष अदालतमा दायर भएको अभियोगपत्रमा बदनियतले कानुन विपरीत ऋण सापटी लिएको देखाई विद्यालयको १७ लाख ४१ हजार ४४६ रूपैयाँ हिनामिना गरेको आरोप लगाइएको छ। अख्तियार प्रवक्ता सुरेश न्यौपानेका अनुसार तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जैसीसँग १७ लाख ४१ हजार ४४६ रुपैयाँ बिगो मागदाबी गरिएको छ।

त्यस्तै, तत्कालीन विद्यालय व्यवस्थापन समितिका सदस्य नेपालीसँग एक लाख, तत्कालीन लेखा सहायक सिंहसँग १७ लाख ४१ हजार ४४६ र पूर्वप्रधानाध्यापक सिंहसँग १७ लाख ४१ हजार ४४६ रुपैयाँ बिगोसहित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ अनुसार सजायको मागदाबी अख्तियारले गरेको छ।

३२ औं वार्षिक साधारणसभा सम्बन्धि सूचना

स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लि. वीरेन्द्रनगर ४, सुर्खेतको संचालक समितिको मिति २०८३ साल भाद्र २८ गते बसेको बैठकको निर्णय नम्बर ०२ बमोजिम संस्थाको ३२ औं चुनावी साधारणसभा आगामी मिति २०८३ साल कात्तिक १४ गते शनिबार, विहान ठिक १०:३० बजेदेखि संस्थाकै कार्यालय परिसरमा सभ्य, भव्य र विश्वसनिय रूपमा संचालन गर्ने निर्णय भएको हुदा सम्पुर्ण शेयर सदस्यज्यूहरूलाई अनिवार्य उपस्थितीका लागि सूचना मार्फत जानकारी गरिन्छ।

संस्थाले मिति २०८३ असोज ०६ गतेको लिखित पत्राचार मार्फत सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई वार्षिक साधारणसभामा उपस्थित हुन जानकारी गरीसकेको छ। यदि शेयर सदस्यज्यूहरूले जानकारी नपाउनुभएको भए यसै सुचनालाई आधार मानी उल्लेखित कार्यक्रममा सहभागीताका लागि अनुरोध छ। ३२ औं वार्षिक साधारणसभामा उपस्थितीका लागि शेयर सदस्यता खुल्ने प्रमाणपत्र (शेयर प्रमाण पत्र, पासबुक, साधारणसभा पत्र) ल्याउनु पर्नेछ।

स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
वीरेन्द्रनगर-४, कुमाईचोक सुर्खेत
सम्पर्क नम्बर : ०८३५२२३४६



सम्पादकीय....

विभाजित कांग्रेसको अन्योल महाधिवेशन

नेपाली कांग्रेसभित्रको नेतृत्व विवादले पार्टी विभाजनको अवस्था सिर्जना गरेको छ। २३-२४ भदौ २०८२ को जेन-जी आन्दोलनपछि नेतृत्व हस्तान्तरणको विषय पेचिलो बन्दा कांग्रेस दुई ध्रुवमा विभाजित भएको हो। गगनकुमार थापा नेतृत्वको समूहले विशेष महाधिवेशन हुँदै १५औँ नियमित महाधिवेशन सम्पन्न गरिसकेको छ भने तत्कालीन सभापति शेरबहादुर देउवा समूह समानान्तर महाधिवेशनको तयारीमा छ। पार्टीको केन्द्रीय नेतृत्वमा देखिएको यही विवादको प्रभाव अहिले कर्णालीमा पनि परेको छ। जेन-जी युवाले सुशासन, भ्रष्टाचार नियन्त्रण र रोजगारी सिर्जनाको मागसहित थालेको आन्दोलनले परम्परागत राजनीतिक दललाई आफ्नो नेतृत्व र कार्यशैलीमाथि पुनर्विचार गर्न बाध्य बनाएको थियो। आन्दोलनपछि नेतृत्व परिवर्तनको आवश्यकता महसुस गरेका कांग्रेस महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्माले नियमित महाधिवेशनमार्फत नेतृत्व बदल्नुपर्ने धारणा अघि सारे।

तर, देउवा समूह सहमत नभएपछि विशेष महाधिवेशन भयो र थापा सभापति बने। त्यसपछि पनि विवाद समाधान हुन सकेन। थापा समूहले नियमित महाधिवेशनसमेत सम्पन्न गरिसक्दा देउवा समूह छुट्टै महाधिवेशनको तयारीमा छ। यसको प्रत्यक्ष असर कर्णालीमा देखिएको छ। देउवा समूहको १५औँ महाधिवेशन आगामी मंसिर २१ देखि २३ गतेसम्म काठमाडौंमा गर्ने कार्यतालिका छ। त्यसअघि वडा, पालिका, क्षेत्रीय र जिल्ला अधिवेशन सम्पन्न गर्नुपर्ने भए पनि कर्णालीका पाँच जिल्लामा मात्रै अधिवेशन सम्पन्न भएको छ। कालिकोट, मुगु, जुम्ला, हुम्ला र रुकुम पश्चिममा जिल्ला नेतृत्व चयन भएको छ। अन्य जिल्लामा अधिवेशनको तयारी भइरहे पनि निर्धारित समयमै सम्पन्न हुनेमा अन्योल छ। देउवा समूहका नेता दमनबहादुर शाहीले बाँकी जिल्लामा पनि तोकिएकै समयमा अधिवेशन सम्पन्न हुने दाबी गरेका छन्। तर, पार्टीभित्रको बदलिँदो समीकरणले उनको दाबीलाई चुनौती दिएको छ। कुनै समय देउवाका निकट मानिने नेताहरू थापा पक्षमा खुलेपछि देउवा समूहलाई आफ्नो संगठन जोगाउन कठिन भइरहेको छ। विशेषगरी पूर्वउपसभापति पूर्णबहादुर खड्का तटस्थ देखिँदा कर्णालीमा देउवा पक्षको अधिवेशन तयारी थप प्रभावित भएको छ।

खड्काले पार्टीको आधिकारिकता विवाद अदालतमा पुऱ्याएका छन्। उनको गृहजिल्ला सुर्खेतसहित जाजरकोट र सल्यानमा समेत यसको प्रभाव परेको नेताहरूको भनाइ छ। केही जिल्लामा अधिवेशनको समय थप्नुपर्ने अवस्था आउन सक्ने देउवा समूहकै नेताहरूको आकलन छ। देउवा समूहले १५ कात्तिकभित्र जिल्ला अधिवेशन र ४ मंसिरभित्र सातै प्रदेशको अधिवेशन सम्पन्न गर्ने कार्यतालिका बनाएको छ। तर, जिल्ला अधिवेशन नै अन्योलमा रहेका बेला प्रदेश अधिवेशन समयमै सम्पन्न गर्न सहज देखिँदैन। कांग्रेसको आन्तरिक लोकतन्त्रको आधार महाधिवेशन हो। तर, नेतृत्वको वैधता र पार्टीको आधिकारिकतामै विवाद रहँदा समानान्तर महाधिवेशनले संगठनलाई थप कमजोर बनाउने जोखिम छ। अदालतको निर्णय पर्खने र समानान्तर संरचना चलाउने प्रतिस्पर्धाभन्दा पार्टीलाई एकताबद्ध बनाउने पहल अहिलेको आवश्यकता हो। कर्णालीमा अधिवेशनको मिति सार्ने वा हतारमा प्रक्रिया पूरा गर्नेभन्दा कार्यकर्ताको सहभागिता, विधि र वैधानिकतालाई प्राथमिकता दिनुपर्छ। नेतृत्वको विवादले संगठनका आधारभूत संरचना नै प्रभावित भए त्यसको असर आगामी निर्वाचन र पार्टीको जनविश्वासमा समेत पर्नेछ।

आन्तरिक बसाइँसराइको अदृश्य संकट



भोलाप्रसाद रोका

> **"प्रधानमन्त्री रोजगार कार्यक्रमलाई राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रमका रूपमा पुनर्संरचना गर्ने घोषणा गर्नुभएको छ।"**

नेपालमा एउटा यस्तो भौगोलिक जनसंख्या पुनर्संरचना भइरहेको छ, जसलाई नीतिगत बहसले लामो समयदेखि उपेक्षा गर्दै आएको छ। राष्ट्रिय जनगणनाका तथ्यांकमा आधारित विश्लेषणले देखाउँछ -हिमाली पारिस्थितिक क्षेत्रमा निरन्तर ऋणात्मक वृद्धि देखापरेको छ भने काठमाडौं उपत्यकाले उल्लेखनीय खुद बसाइँसराइ दरका साथ देशको जनसंख्याको प्रमुख केन्द्रका रूपमा काम गरिरहेको छ।

विश्लेषणात्मक दृष्टिले सर्वाधिक महत्त्वपूर्ण पक्ष लैंगिक संरचनाको गहिरो विखण्डन हो - महिलाको बसाइँसराइ सहभागिता निरन्तर बढ्दै गएको छ तथा विवाहजन्य बसाइँसराइको अनुपात चार दशकमा ३० प्रतिशतबाट मात्र ४० प्रतिशतमा पुगेको छ, जसले महिलाको स्वतन्त्र बसाइँसराइको वास्तविक आकार तथ्यांकीय मापदण्डद्वारा व्यवस्थित रूपमा कम आकिएको संकेत गर्छ।

पुनःपरिभाषित बसाइँसराइ भूगोल

परम्परागत विकास साहित्यले नेपालको आन्तरिक बसाइँसराइलाई पहाड र हिमालबाट तराईतर्फको एकदिशीय प्रवाहका रूपमा सरलीकृत गर्दै आएको छ। पछिल्लो जनगणनाको तथ्यांकले यो सरलीकरणलाई आधारभूत रूपमै चुनौती दिएको छ। हिमाली पारिस्थितिक क्षेत्रले नेपालको जनगणना इतिहासमा पहिलोपटक ऋणात्मक वृद्धि दर्ता गरेको छ भने काठमाडौं उपत्यकामा ५३.२ प्रतिशत जनसंख्या अन्य क्षेत्रमा जन्मेका व्यक्तिहरूको रहेको छ, जसले यसलाई वस्तुतः बसाइँसराइ प्रधान समाजमा परिणत गरेको छ।

बागमती प्रदेशमा अन्तरजिल्ला बसाइँसराइ गर्ने जनसंख्याको अनुपात ३४.९ प्रतिशत पुगेको छ, जुन राष्ट्रिय औसत १९.५ प्रतिशतभन्दा उल्लेखनीय रूपमा माथि छ।

चिन्ताको विषय यो हो कि बसाइँसराइको गन्तव्य संरचनामा विभाजन भइरहेको छ। तराईले अझै ठुलो संख्यामा बसाइँसराइ गर्नेहरूलाई आकर्षित गरिरहे पनि यसको गन्तव्य स्थलको स्थान काठमाडौं उपत्यका र आन्तरिक तराईले लिइरहेको छ।

आन्तरिक तराईले २४.६ प्रतिशत अन्तरजिल्ला जन्मेको जनसंख्या अनुपातका साथ दोस्रो स्थान ओगटेको छ, जसले बसाइँसराइको प्रवाह परम्परागत तराई गन्तव्यलाई छलेर बढी सहरी विशेषता भएको मध्यवर्ती क्षेत्रतर्फ केन्द्रित हुँदै गएको देखाउँछ। यो स्थानिक पुनर्संरचनाको तात्पर्य यही हो- बसाइँसराइ अब गाउँबाट तराईतर्फको भौगोलिक स्थानान्तरण मात्र होइन, सीमित सहरी केन्द्रहरूतर्फको छनौटमूलक केन्द्रीकरण हो।

महिला बसाइँसराइको वास्तविक आकारः तथ्यांक र सारतत्त्वबिचको खाडल

सर्वाधिक ध्यानाकर्षण गर्ने तथ्यांकीय विसंगति लैंगिक आयाममा देखा परेको छ। जनगणनाले महिलाको बसाइँसराइ दर ३७.६ प्रतिशत देखाएको छ, जुन पुरुषको २०.६ प्रतिशतभन्दा करिब दोब्बर हो।

सतही व्याख्या विवाहजन्य बसाइँसराइको परम्परागत प्रभुत्वतर्फ संकेत गर्छ- ४० प्रतिशत महिला बसाइँसराइको मुख्य कारण विवाह हो तर ऐतिहासिक तुलनाले एउटा उपेक्षित तथ्य उद्घाटन गर्छः सन् १९८१ मा विवाहजन्य महिला बसाइँसराइको अनुपात ३० प्रतिशत थियो, जुन चार दशकमा मात्र १० प्रतिशत बिन्दुले बढेको छ।

यो निष्कर्ष युवा बसाइँसराइको तथ्यांकले पुष्टि गर्छ। १० देखि २४ वर्ष उमेर समूहमा ज्याला श्रमका कारण ६५.१ प्रतिशत बसाइँसराइलाई प्रेरित गरेको छ। महिलाको यो उमेर समूहमा बसाइँसराइ सहभागिता निरन्तर बढिरहेको छ, जसले युवतीहरू स्वतन्त्र आर्थिक कर्ताका रूपमा बसाइँसराइ प्रवाहमा प्रवेश गरिरहेको देखाउँछ।

विद्यमान नीतिगत ढाँचा र कार्यान्वयन घाटा

नेपाल बसाइँसराइ समस्याप्रति सजग छैन भन्ने होइन। सन् २०१४ को राष्ट्रिय सहरी नीतिले सन्तुलित सहरी विकासको लक्ष्य प्रस्तुत गरेको थियो भने सन् २०२४ मा स्वीकृत नयाँ सहरी नीतिले विपद् जोखिम, प्रविधि र दिगोपनका आयामहरू समावेश गरेको छ।

सर्वाधिक महत्त्वाकांक्षी प्रयास मध्यपहाडी राजमार्गसँग जोडिएर १० वटा संगठित आधुनिक सहरहरूको विकास योजना हो, जुन करिब १५ वर्षअघि सुरु भएको थियो र जसको लक्ष्य सन् २०३३ सम्ममा प्रत्येक सहरमा कम्तीमा एक लाख मानिसको बसोबास सुनिश्चित गर्ने रही पहाडी बसाइँसराइलाई नियन्त्रण गर्नु हो।

कार्यान्वयनको वास्तविकता र नीतिगत महत्त्वाकांक्षाबिच ठुलो खाडल छ।

अछामको साँफेबगरको उदाहरण हेर्न सकिन्छ। यो आयोजना सुदूरपश्चिम प्रदेशको पहाडी क्षेत्रको क्षेत्रीय आर्थिक केन्द्रका रूपमा विकास गर्ने योजना थियो, जसमा नियोजित सडक सञ्जाल, ढल प्रणाली र आधुनिक सहरी सुविधाहरू समावेश थिए तर नगरपालिकाका प्रमुख राजेन्द्र कुँवरको स्पष्ट स्वीकारोक्तिअनुसार कार्यान्वयनको गति निरन्तर कमजोर रहँदै आएको छ र अधिकांश योजनाहरू कागजमै सीमित छन्।

गत आर्थिक वर्षमा विनियोजित ६ करोड रुपैयाँ काम अघि बढ्न नसकेपछि फ्रिज भएको थियो भने चालु आर्थिक वर्षमा कुनै बजेट विनियोजन नै भएको छैन। थप संरचनागत समस्या के हो भने यो आयोजना अझै पनि सन् १९८८ को नगर विकास ऐनलाई मात्र कानुनी आधार मानिरहेको छ, जुन ३८ वर्ष पुरानो कानुन हो र जसमा समर्पित विधायी ढाँचाको अभाव छ।

स्थानीय तहका नवीन प्रयासहरूले पनि चुनौतीको सामना गर्नुपरेको छ। धनकुटाको छथर जोरपाटी गाउँपालिकाले आर्थिक वर्ष २०७७/७८ देखि दुधे गाई वितरण कार्यक्रम लागु गरेको थियो, जसअन्तर्गत पाँच वर्षमा ५० बसाइँसराइ गरेर आएका परिवारलाई दुधे गाई उपलब्ध गराई पशुपालनमार्फत स्थानीय अर्थतन्त्रसँग जोड्ने प्रयास गरिएको थियो।

यो कार्यक्रमले अपेक्षित परिणाम दिन सकेन र गाउँपालिकाले सुरक्षित आवास कार्यक्रमतर्फ उन्मुख हुने निर्णय गरेको छ। यो उदाहरणले एउटा महत्त्वपूर्ण पाठ सिकाउँछ- आधारभूत पूर्वाधार र सार्वजनिक सेवाको पर्याप्तताबिना केवल जीविकोपार्जनमूलक लगानीले बसाइँसराइको निर्णय परिवर्तन गर्न सक्दैन।

आगामी दशकका लागि शासन मार्ग

नेपालले निष्क्रिय प्रतिक्रियाबाट सक्रिय शासनतर्फ रूपान्तरण हुनुपर्छ। पहिलो प्राथमिकता कानुनी ढाँचाको शून्यता भर्नु हो। मध्यपहाडी राजमार्गका नयाँ सहर आयोजनाको अनुभवले देखाउँछ- समर्पित विधायी ढाँचाको अभावले भूमि व्यवस्थापन, बजेट विनियोजन र संस्थागत समन्वयलाई निरन्तर अवरुद्ध पारिरहेको छ। संसद्ले क्षेत्रीय सन्तुलित विकास ऐनलाई प्राथमिकतासाथ विचार गर्नुपर्छ, जसले बसाइँसराइ शासनका लागि स्पष्ट जिम्मेवारी विभाजन र स्रोत सुनिश्चितता गर्ने कानुनी आधार प्रदान गर्नेछ।

दोस्रो, रोजगारी सिर्जना नाराबाट कार्यान्वयनयोग्य आयोजनतर्फ रूपान्तरण हुनुपर्छ। प्रधानमन्त्रीले संसद्मा आर्थिक वर्ष २०८२ देखि २०९२ सम्मलाई स्वदेशी रोजगारी प्रवर्धन दशकका रूपमा घोषणा गर्दै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रमका रूपमा पुनर्संरचना गर्ने घोषणा गर्नुभएको छ।

दिशा सही छ तर मुख्य चुनौती कार्यान्वयनमा छ। पहाडी समुदायलाई सामान्य सिप तालिम नभई स्थानीय स्रोत र सम्भावनासँग मेल खाने उद्योग समर्थन चाहिन्छः हिमाली क्षेत्रमा पारिस्थितिक पर्यटन र उच्च मूल्यका जडीबुटी खेती, मध्यपहाडी क्षेत्रमा जैविक कृषि र खाद्य प्रशोधन तथा मध्यपहाडी राजमार्गमा आधारित लजिस्टिक केन्द्र अर्थतन्त्र।

तेस्रो, सार्वजनिक सेवाको न्यूनतम पहुँच स्तरलाई कानुनी रूपमा अनिवार्य बनाउनुपर्छ।

बसाइँसराइको निर्णयका केन्द्रीय प्रेरकहरूमध्ये सन्तानको शिक्षा र परिवारको स्वास्थ्य उपचार प्रमुख छन्। प्रत्येक गाउँपालिकास्तरको प्रशासनिक इकाइले एउटा गुणस्तरीय माध्यमिक विद्यालय र आधार भूत आपत्कालीन उपचार क्षमता भएको स्वास्थ्य केन्द्र सुनिश्चित गर्न सक्यो भने बसिरहनुको आकर्षण उल्लेखनीय रूपमा बढ्नेछ। दक्षिण कोरियाले सन् १९७० को दशकमा सञ्चालन गरेको नयाँ गाउँ आन्दोलनको अनुभवले देखाउँछ- जब ग्रामीण क्षेत्रका आधारभूत सेवाहरू सहरी स्तरको नजिक पुग्छन्, बसाइँसराइको दबाब वस्तुतः कम हुन्छ। बसाइँसराइ शासनका लागि तीन तहका सरकारबिच सहकार्य संयन्त्र आवश्यक छ। स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले स्पष्ट रूपमा औंल्याउनुभएझैं बसाइँसराइ व्यवस्थापन एकल तहबाट सम्भव छैन, यसका लागि संघ, प्रदेश र स्थानीय तीनै तहको समन्वय आवश्यक छ।

विश्व

तनावबीच उत्तर कोरियाद्वारा १० क्षेप्यास्त्र प्रहार

सियोल,
१२ कार्तिक (रासस/एपी) ।

दक्षिण कोरियासँग तनाव बढिरहेका बेला उत्तर कोरियाले बिहीबार समुद्रतर्फ करिब १० वटा छोटो दूरीका ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको छ। सीमा क्षेत्रमा प्रचार प्रसारण पुनः सुरु गर्ने र नयाँ हतियार तैनाथ गर्ने चेतावनी दिएको केही दिनपछि यो प्रक्षेपण भएको हो।

दक्षिण कोरियाली सेनाले पूर्वी तटीय सहर वोनसनबाट प्रक्षेपण गरिएका क्षेप्यास्त्र पत्ता लगाएको जनाएको छ। सेनाले निगरानी बढाउनुका साथै अमेरिका र जापानसँग सूचना आदानप्रदान गरिरहेको छ।

गत महिना बारुदी सुरुङ विस्फोटमा दक्षिण कोरियाका तीन सैनिक घाइते भएपछि दुई कोरियाबीच तनाव थप चुलिएको छ। सियोलले सेप्टेम्बर २१ को विस्फोटका लागि उत्तर कोरियालाई दोष दिएको छ। तर, प्योङयाङले आफ्नो संलग्नता अस्वीकार गर्दै उक्साइएमा प्रतिकार गर्ने चेतावनी दिएको छ।

गत साता उत्तर कोरियाले दक्षिण कोरियाली सैनिकले सीमामा बारम्बार चेतावनी गोली चलाएको आरोप लगाउँदै प्रचार प्रसारण पुनः सुरु गर्ने र नयाँ हतियार तैनाथ गर्ने बताएको थियो। दक्षिण कोरियाले सम्भावित सैन्य झडप रोक्न सीमाबारे वार्ता गर्न प्रस्ताव गरे पनि उत्तर कोरियाले जवाफ दिएको छैन।

पछिल्ला सातामा उत्तर कोरियाले पनडुब्बीबाट प्रक्षेपण गरिने क्रुज क्षेप्यास्त्र र हाइपरसोनिक क्षेप्यास्त्रसहित विभिन्न हतियार परीक्षण गरेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नेता किम जोङ उनसँग कूटनीतिक संवाद पुनः सुरु गर्ने इच्छा व्यक्त गरेपछि उत्तर कोरियाले अमेरिकाबाट ठूला सहुलियत लिन दबाब सिर्जना गर्न खोजेको विज्ञहरूको भनाई छ। यसैबीच, किमले शनिबार चीनको सीमावर्ती सहर डान्दोङको भ्रमण गरेका थिए।

क्षेप्यास्त्र उत्पादनमा अमेरिका–जापान सहकार्य

सेबु (फिलिपिन्स),
१२ कार्तिक (रासस/एपी)।

अमेरिका र जापानले उन्नत मध्यम दूरीका हावाबाट हावामा प्रहार गर्ने क्षेप्यास्त्र संयुक्त रूपमा उत्पादन गर्न जापानमा संयन्त्र स्थापना गर्ने सहमति गरेका छन्। दुवै देशले क्षेत्रीय सुरक्षा सहकार्य र प्रतिरक्षा क्षमता सुदृढ बनाउने उद्देश्यले यो कदम चालेका हुन्।

जापानका रक्षामन्त्री सिन्जिरो कोइजुमीले बुधबार अमेरिकी रक्षामन्त्री पीट हेग्सेथसँगको भेटपछि उक्त जानकारी दिएका हुन।

'अपरेसन सुपरचार्ज' अन्तर्गत उत्पादन हुने क्षेप्यास्त्र एफ-३५ लडाकू विमानका लागि आवश्यक रहेको उनले बताए। यद्यपि, सम्झौताका विस्तृत विवरण सार्वजनिक गरिएको छैन।

कोइजुमीले क्षेत्रीय सुरक्षा अवस्था जटिल बन्दै गएको उल्लेख गर्दै जापान-अमेरिका गठबन्धनको प्रतिरोध तथा प्रतिक्रिया क्षमता थप बलियो बनाउन सहमति भएको बताए।

उनले अन्तर्राष्ट्रिय कानूनमा आधारित स्वतन्त्र र खुला व्यवस्थाको महत्त्वमा पनि दुवै देशले जोड दिएको जानकारी दिए।

महत्वपूर्ण टेलिफोन नम्बर

एम्बुलेन्स

एम्बुलेन्स (नेपाल रेडक्रस)	: ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी)	: ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति)	: ९८२२४११५८६
शव वाहन	: ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय	: १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय	: ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा	:०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन	: १०९८
विमान स्थल	
सुर्खेत	: ०८३-५२१९४५/५२५२१९
जुम्ला	: ०८७-५२०१९०
मुगु ताल्चा :	
हुम्ला	: ०८७-६८००८०
डोल्पा	: ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम)	: ०८८-४०१०४८
नेपालगन्ज	: ०८१-५६५२०५
दमकल	
वीरेन्द्रनगर न.पा. :	: १०१
भेरीगंगा न.पा.	: ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा.	: ०८९-४१०२०१
अस्पताल	
दैलेख जिल्ला अस्पताल	: ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत	: ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि.	: ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि.	: ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम)	: ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम)	: ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ)	: ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था)	: ९८६८११६०५२
जाजरकोट अपस्ताल	: ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा	: ०८७-५५०१११
जिल्ला अस्पताल मुगु	: ०८७-४६०१६२

आजको राशिफल

मेष — नयाँ काम सुरु गर्नुअघि त्यसको तयारी पूरा गर्नुहोला। कसैले तपाईंको काममा प्रश्न उठाए रिसाउनुको सट्टा कारण बुझाउनुहोस्। घरमा चाहिएको सामान किन्नुपर्ने

वृष — आफ्नो कामबाट अरूलाई सहयोग पुग्नेछ। घरमा बिग्रिएको सामान बनाउने वा फेर्ने कुरा उठ्न सक्छ।

मिथुन — आफ्नो कामबाट अरूलाई सहयोग पुग्नेछ। घरमा बिग्रिएको सामान बनाउने वा फेर्ने कुरा उठ्न सक्छ।

कर्कट — घरको जिम्मेवारी बढे पनि काम मिलाएर अघि बढ्न सकिनेछ। आफन्तसँग भेट हुँदा पुरानो कुरा सम्झेर रमाइलो हुनेछ।

सिंह — आफ्नो कामको नतिजा अरूलाई देखाउने अवसर मिल्नेछ। व्यापारमा नयाँ ग्राहकसँग कुरा अघि बढ्न सक्छ।

कन्या — लामो समयदेखि थन्किएको काम फेरि सुरु गर्न सकिनेछ। कुनै कागज वा फाराम भर्दा विवरण छुट्टै नदिनुहोला।

तुला — मन परेको ठाउँमा जाने वा रमाइलो कार्यक्रममा सहभागी हुने अवसर मिल्न सक्छ। कसैसँग मिलेर काम गर्दा जिम्मेवारी बराबर बाँड्नुहोला।

वृश्चिक — आफ्नो सामान र महत्त्वपूर्ण कागज सुरक्षित राख्नुहोला। काममा कसैले सहयोग मागे आफ्नो समय हेरेर मात्र वचन दिनुहोस्।

धनु — यात्रा वा बाहिरको कामले दिन व्यस्त बन्न सक्छ। बाटोमा निस्कनुअघि आवश्यक सामान जाँच्नुहोला।

मकर — कामको चाप बढे पनि एउटा काम सकेर अर्को सुरु गर्नुहोला। घरको खर्च घटाउन अनावश्यक खरिद रोक्नु उचित हुनेछ।

कुम्भ — सामाजिक काममा तपाईंको सहभागिता उपयोगी हुनेछ। कुनै नियम वा सूचना नबुझेमा सम्बन्धित व्यक्तिसँग सोध्नुहोला।

मीन — आफ्नो प्रतिभा देखाउने काममा रुचि बढ्नेछ। घरमा कुनै सामान थप्ने सोच छ भने पहिले बजेट मिलाउनुहोला।

मानव अधिकार रक्षक सञ्जालको बैठक सम्पन्न

युग संवाददाता
सुर्खेत, १२ कार्तिक ।

मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशको त्रैमासिक बैठक सम्पन्न गरिएको छ । बिहिबार वीरेन्द्रनगरमा सञ्जालका संयोजक पीताम्बर ढकालको अध्यक्षतामा बसेको बैठकले सञ्जालको सहसंयोजक, विषयगत उपसमितिका संयोजक, जिल्ला संयोजक, छनौट, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत सुर्खेतका नौं ओटै पालिकामा कानुनी सचेतना र नजिकै आइरहेको शुभ दिपावली, छठपर्वको शुभकामना आदानप्रदान गर्ने निर्णय गरेको छ ।

सहसंयोजकमा अधिवक्ता गिता कोइराला, सञ्जालको महिला बालबालिका तथा सिमान्तकृत उपसमितिको संयोजकमा सिसिआर कर्णाली प्रदेशका अध्यक्ष टिकाराम आचार्य, शिक्षा, स्वास्थ्य, वातावरण तथा विभेद विरुद्धको उपसमितिमा नवज्योति केन्द्रकी जरमाया बाठा चयन भएक छन् ।

कर्णाली प्रदेशका विभिन्न जिल्लामा हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना, मानव अधिकार रक्षकका सवाल र समग्र मानव अधिकारको अवस्थाबारे नियमित सूचना संकलन तथा रिपोर्टिङ गर्ने उद्देश्यले बैठकले १० ओटै जिल्लाका लागि संयोजकसमेत चयन गरेको छ ।

जसअनुसार सुर्खेतमा मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशकी सदस्य शर्मिला बिसी, दैलेखमा केडका अनुप नेपाली, जाजरकोटमा फियान नेपालकी कविता रेग्मी, हुम्लामा किर्डाक नेपालका बिन्दुलाल रेग्मी र सल्यानमा सुन्दर नेपालका भुपेन्द्र कँडेललाई जिल्ला संयोजकको जिम्मेवारी दिइएको छ ।

त्यस्तै, डोल्पामा दलित महिला संघ (फेडो) की खगिसरा वली, जुम्लामा सिसिआरका टेकराज आचार्य, कालिकोटमा सोसेक नेपालकी शुसीला गिरी, मुगुमा राष्ट्रिय अपाङ्ग महासङ्घकी रत्ना राना र रुकुम पश्चिममा डब्लुएचआरकी सितल सिंह राठौर जिल्ला संयोजकमा चयन भएका हुन् । जिल्ला संयोजकहरूले सम्बन्धित जिल्लामा मानव अधिकारको अवस्था, मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटना र मानव अधिकार रक्षकहरूले सामना गर्नुपरेका समस्या तथा चुनौतीबारे सूचना संकलन र समन्वय गर्नेछन् । प्रदेशस्तरमा मानव अधिकारको अवस्थाबारे नियमित जानकारी प्राप्त गर्ने र आवश्यक पहल तथा समन्वयलाई प्रभावकारी बनाउने उद्देश्यले जिल्ला संयोजकको अवधारणा अधि सारिएको सञ्जालले जनाएको छ ।

बैठकले लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका क्रममा सञ्जालमा आवद्ध सबै संस्थाहरुको सहकार्यमा सुर्खेतका नौं ओटै पालिकामा कानुनी सचेतना गर्ने प्रतिवद्धतासहितको निर्णय गरेको छ । मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशका संयोजक पीताम्बर ढकालले प्रदेशभरीको मानव अधिकार उल्लङ्घन र ज्यादतीको अवस्थालाई मध्यनजर गर्दै जिल्ला संयोजकहरुको अवधारणा ल्याइएको बताए। उनले जिल्ला स्थित मानव अधिकार रक्षक सञ्जालका संयोजकहरुको विषयमा कार्यविधि बनाएर अगाडी बढ्ने बताए ।

इन्सेक कर्णाली प्रदेश कार्यालयका संयोजक नारायण सुवेदीले मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा सञ्जाल कोसेढुंगा भएको भन्दै सबैको सामुहिक प्रयासले योजना अनुरुप काम गर्न सकिने बताए । उनले जिल्लामा रहेका मानव अधिकार रक्षक तथा सञ्जालबीचको समन्वयलाई प्रभावकारी बनाउँदै मानव अधिकारका सवालमा तत्काल सूचना आदानप्रदान र आवश्यक पहल गर्न यसले सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

उनले मानव अधिकारका सवाल कुनै एक संस्था वा व्यक्तिको प्रयासबाट मात्रै सम्बोधन हुन नसक्ने भएकाले सरकारी तथा गैरसरकारी निकाय, नागरिक समाज, मानव अधिकार रक्षक र सरोकारवालाबीच निरन्तर समन्वय आवश्यक रहेको बताए ।

बैठकले लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानलाई प्रभावकारी बनाउन सञ्जालमा आबद्ध संस्थाहरूबीच सहकार्य गर्ने निर्णय गरेको छ । अभियानका क्रममा सुर्खेतका नौ ओटै स्थानीय तहमा कानुनी सचेतनामूलक कार्यक्रम सञ्चालन गरी लैङ्गिक हिंसा, त्यसविरुद्ध उपलब्ध कानुनी उपचार तथा पीडितको न्यायमा पहुँचका विषयमा समुदायस्तरमा सचेतना अभिवृद्धि गर्ने योजना बनाइएको छ । बैठकमा सहभागी मानव अधिकार रक्षकहरूले सञ्जालका आगामी गतिविधि, जिल्लास्तरमा मानव अधिकारको अवस्थाको अभिलेखीकरण तथा रिपोर्टिङ, मानव अधिकार रक्षकबीचको समन्वय र आगामी कार्ययोजनाका विषयमा छलफल गरेका थिए । बैठकको अन्त्यमा सहभागीहरूले नजिकिँदै गरेको शुभ दीपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदान प्रदानसमेत गरेका थिए ।

हुलाकी सडकको विस्तारले उद्योगमा लगानी बढ्द

युग संवाददाता
बाँके, १२ कार्तिक ।

हुलाकी सडकको विस्तारसँगै बाँके र बर्दियामा उद्योग क्षेत्रमा लगानी बढ्न थालेको छ । बाँकेको खजुरामा निर्माणाधीन अन्ट्राटिक बिस्कुट प्रालि (पार्ले-जी)उद्योगको पूर्वाधार निर्माणको काम भइरहेको छ । उद्योग सञ्चालनमा आएपछि पश्चिम क्षेत्रमै बिस्कुट उत्पादन र बजार विस्तारको नयाँ सम्भावना खुल्ने अपेक्षा गरिएको छ ।

छिमेकी बर्दियाको गुलरिया नगरपालिका-८ मा चार अर्ब लगानीमा लमिनार भिट्रीफिड टायल उद्योग सञ्चालनमा आएको छ । सुवरत धिताल, अभिनव चुरिवाल र श्याम खेतानको लगानीमा स्थापना भएको उद्योगले देशभर आफ्नो उत्पादन पुऱ्याउने लक्ष्य राखेको छ । ती दुई उद्योगले पश्चिम नेपालमा औद्योगिक लगानी विस्तार हुँदै गएको चित्रण गरेको छ । बाँकेमा ठूला उद्योग स्थापना हुनेक्रम बढेसँगै त्यसको प्रभाव छिमेकी बर्दियामा पनि देखिन थालेको छ । बर्दियामा ठूलो लगानीका दुई चिनी उद्योग सञ्चालन हुनेछन् । तीमध्ये एउटा राजापुर सुगर मिल सञ्चालनमा आइसकेको छ भने अर्को सञ्चालनको तयारीमा रहेको छ ।

बाँकेमा जय अम्बे स्टिल, सगरमाथा स्टिल इन्डस्ट्रिज, नेपाल बेलहोप एग्रीटेक, वर्षा रिसाइक्लिङ इन्डस्ट्रिज र विकास फ्लोर मिललगायतका उद्योग सञ्चालनमा छन् । यसबाहेक विभिन्न उद्योगले अनुमति प्राप्त गरी पूर्वाधार निर्माण अघि बढाएका जनाएका छन् ।

नेपालगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष चिरञ्जीवी ओलीले बाँकेमा ठूला उद्योग स्थापना हुन थालेपछि यसक्षेत्र लगानी बढ्दै गएको बताए । द्वन्द्वकालमा प्रभावित भएका पुराना उद्योग पुनः सञ्चालनमा आउनु र नयाँ उद्योग स्थापना हुनेक्रम बढ्नु सकारात्मक भएको उनको भनाई छ । "राजनीतिक स्थिरता र ऊर्जालगायत समस्या समाधान भएपछि लगानीको उत्साह थपिएको छ र बाँके औद्योगिक केन्द्रका रूपमा विकास भइरहेको छ", अध्यक्ष ओलीले भने । शिखर प्लाइउड प्रालिका सञ्चालक चम्पालाल बोथराले पश्चिम नेपालमा ठूलो बजार सम्भावना देखिएकाले उद्योगी बाँकेमा लगानी गर्न आकर्षित भएको बताए ।

"ठूलो परिमाणमा उत्पादन बिक्री गर्न सकिने र पश्चिममा बजारको राम्रो सम्भावना देखिएकाले उद्योगीले बाँकेलाई रोजेका छन्", उनले भने । बोथराका अनुसार अन्य कतिपय स्थानको तुलनामा उद्योग सञ्चालनका लागि जग्गा प्राप्त गर्न सहज हुनु पनि बाँकेमा उद्योगप्रतिको आकर्षणको अर्को कारण हो । अम्बे स्टिलका सुरेश पण्डितले विद्युत् अनियमितताका कारण चाहे जति उत्पादन गर्न नसकिएको उल्लेख गर्दै करिब छ वर्षदेखि उत्पादन भइरहेको बताए ।

फूलको अग्रिम माग हुन थालेपछि व्यवसायी उत्साहित

युग संवाददाता
कञ्चनपुर, १२ कार्तिक ।

तिहार नजिकिँदै गर्दा फूलको अग्रिम माग आउन थालेपछि कञ्चनपुरका पुष्प व्यवसायी उत्साहित भएका छन् । विगतमा फूलको बजार नपाउँदा बारीमै फूल कुहिने समस्या भोगेका यहाँका पुष्प व्यवसायीले यस वर्ष तिहारअघि नै माग आउन थालेपछि राहत महसुस गरेका छन् ।

सात वर्षदेखि पुष्प व्यवसाय गर्दै आएका कञ्चनपुरको भीमदत्त नगरपालिका-१ का सिर्जना जोशीले विगतका वर्षमा उत्पादन गरेको फूल बिक्री नहुँदा घाटा बेहोर्नुपरेको अनुभव सुनाए । "दुई वर्षअघिसम्म फूल उत्पादन गरे पनि बजार नपाउँदा बारीमै कुहिने समस्या भोग्यौं", जोशीले भने, "गत वर्ष फूलले बजार पाएपछि राम्रो आम्दानी भयो ।" उनले स्थानीय प्रशासनले प्लाष्टिकका मालामा रोक लगाउनुका साथै भारतबाट आउने फूलमा रोक लगाएपछि स्थानीय फूलले बजार पाएको बताए ।

"गत वर्ष फूलले बजार पाउँदा यस वर्ष खेती बढाएको छु", उनले भने, "यस वर्ष तिहारअघि नै फूलको बुकिङ आउन थालेको छ उत्साहित छौं", उनले अहिलेसम्म २० किलो फूलको अग्रिम बुकिङ भइसकेको बताए ।

तीन सय बोट फूलको रोपेर सात वर्षअघिदेखि पुष्प व्यवसायमा लाग्नुभएका उनले हाल १५ कट्ठा जग्गा क्षेत्रफलमा फूलखेती गर्दै आएका छन् । बार्षिक ३० हजार भाडा तिर्नेगरी १५ कट्ठा जग्गा भाडामा लिएर फूलखेती गर्दै आएका छन् ।

"दोम्रो वर्ष मैले एक हजार बोट फूलखेती गरेको थिए बजार नपाउँदा सबै कुहियो, त्यसपछि अर्को वर्ष चार हजार बोट खेती गरे बिक्रीका लागि काठमाडौं पठाउँदा बाटोमै बाटोमै कुहियो ।" पुष्प व्यवसायी जोशीले भने, "दुई वर्षअघि मात्रै पनि उत्पादन भएको फूल बिक्री नहुँदा २ क्वीन्टल खेर गएको थियो ।"

गत वर्ष उनले १० कट्ठा जग्गा क्षेत्रफलमा फूलखेती गर्नुभएको थियो । फूलले राम्रो बजार पाउँदा उनले राम्रो आम्दानीसमेत गरे । "कर्मचारी र मजदुर सबैको खर्च कटाएर डेढ लाख आम्दानी भएको थियो", उनले भने, "गत वर्ष फूलले बजार पाएपछि यस वर्ष खेती बढाएको छु ।"

विगतमा बजारमा नपाउँदा व्यरोरेको घाटा पनि यस वर्ष नाफामा परिणत हुने उनको अपेक्षा छ । "स्थानीयस्तरमा उत्पादन भएको फूलको बजारका लागि हामीले धेरै सङ्घर्ष गरेका छौं ।" उनले भने, "तिहारलगायत चाडपर्व र अन्य कार्यक्रममा पनि स्थानीयस्तरमै उत्पादन भएको फूलको प्रयोग गरौं ।" न्य परम्परागत खेतीभन्दा फूलखेतीमा तीनगुणा बढी आम्दानी हुने भएकाले फूलखेतीमा लागेको उनको भनाई छ । यस पटक फूलको माग बढेकाले तिहारमा चार क्विन्टल फूल बिक्री गर्ने लक्ष्य रहेको उनले बताए ।

सुन्दर नेपाल संस्था

स्वास्थ्यका लागी उर्जा (E4H)

परियोजना

खरिद समिति

बिरेन्द्रनगर, सुर्खेत

सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित सूचना मितिः २०८३ कार्तिक १२ गते

"स्वास्थ्यका लागि ऊर्जा स्केल-अप परियोजना चरण दोस्रो (Energy for Health Scale Up – Phase II) " परियोजना **चिङ्गाड गाउँपालिका र चौकुने गाउँपालिका**का स्वास्थ्य संस्थाका लागी आवश्यक बाह्यय निर्माण सामाग्री, औजार तथा सुरक्षा सामाग्री आपूर्ति तथा ढुवानी गर्न इच्छुक तथा योग्य फर्म/सप्लायर्स/आपूर्तिकर्ता/कम्पनीहरूबाट सूचना प्रकाशित मितिले ७ दिनभित्र विधिवत भरिएको शिलबन्दी कोटेशन मार्फत दरभाउ सुन्दर नेपाल संस्थाको कार्यालय पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क्र.सं.	कार्यको विवरण	सिलवन्दी दरभाउ पत्र पेस गर्ने अन्तिम मिति/समय	सिलवन्दी दरभाउपत्र खोल्ने मिति/समय	सिलवन्दी दरभाउपत्र जमानत (रु.)
१	चिङ्गाड गाउँपालिका र चौकुने गाउँपालिका लागी RO Filter आर.ओ. फिल्टर (१५ लिटर प्रति घण्टा क्षमता) आर.ओ फिल्टर (५० लिटर प्रति घण्टा क्षमता) र ३ Tap Dispenser (३ धारा भएको वाटर डिस्पेन्सर) खरिद,ढुवानी र जडान कार्य	२०८३ कार्तिक १८ गते (०४ नोभेम्बर २०२६), कार्यलय समय भित्र	२०८३ कार्तिक १९ गते (०५ नोभेम्बर२०२६), दिउसो १:०० बज	(२.५ %)
२	चिङ्गाड गाउँपालिका र चौकुने गाउँपालिका लागी ७० लिटर स्विङ डस्टबिन (हरियो, रातो, निलो) सहित :क स्ट्यान्ड र १००० लिटर ट्याङ्कीका लागि गोलाकार स्ट्यान्ड सहित खरिद,ढुवानी र जडान कार्य	२०८३ कार्तिक १८ गते (०४ नोभेम्बर २०२६), कार्यलय समय भित्र	२०८३ कार्तिक १९ गते (०५ नोभेम्बर२०२६), दिउसो १:०० बजे	(२.५ %)
३	बाह्यय निर्माण सामाग्री जस्तै (सिमेन्ट - ओपिसी ५३ ग्रेड, इँटा, रड - एफई ४१५/एफई ५००, फलामे पाता, बाँध्ने तार, प्लाइउड १२ मि.मि., काँटी , नट तथा बोल्ट),सि पि भि सि पाईप तथा फिटिङ्स , यू पि भि सि पाईप तथा फिटिङ्स , एच डि पी पाईप तथा फिटिङ्स एच डी पी ट्याङ्क , सुरक्षा सामाग्री तथा औजार आदि खरिद,ढुवानी र जडान कार्य	२०८३ कार्तिक १८ गते (०४ नोभेम्बर २०२६), कार्यलय समय भित्र	२०८३ कार्तिक १९ गते (०५ नोभेम्बर२०२६), दिउसो १:०० बजे	(२.५ %)

शर्तहरु:

- दरभाउपत्र निम्न स्थानमा निःशुल्क उपलब्ध हुने वा लिङ्कबाट डाउनलोड गर्न सकिने छ ।
  सिलवन्दी दरभाउपत्र पाइने स्थानः सुन्दर नेपाल संस्था, विरेन्द्रनगर, सुर्खेत
  अथवा, सिलवन्दी दरभाउपत्र डाउनलोड गर्नका लागि लिङ्कः
  www.sundarnepal.org.np
  दरभाउपत्र डाउनलोड वा प्राप्त गर्न केही समस्या भएमा ०८३५२०९२६, ५२३५३०/९८४८०३१२४२ वा athapa@sundarnepal.org.np. मा सम्पर्क गर्न सकिनेछ ।
- दरभाउपत्र बुझाउने अन्तिम मिति र स्थानः
  दरभाउपत्र बुझाउने अन्तिम मितिः २०८३ कार्तिक १८ गते (०४ नोभेम्बर २०२६), कार्यालय समय भित्र
  दरभाउपत्र बुझाउने स्थानः सुन्दर नेपाल संस्था, विरेन्द्रनगर, सुर्खेत फोन नं. ०८३ ५२०९२६, ५२३५३०
  म्याद नाघी वा रित नपुगी आएका दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।
- दरभाउपत्र पेश गर्ने सप्लायर्सले सुन्दर नेपाल संस्थाले जारि गरेको परिमाण सुची (Bill of quantity) मा मात्र दरभाउ पेश गर्नु पर्नेछ । अन्य कागजमा भरिएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।
- सिलवन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थानः
  मितिः २०८३ कार्तिक १९ गते (०५ नोभेम्बर २०२६), दिउसो १:०० बजे
  स्थानः सुन्दर नेपाल संस्था, केन्द्रीय कार्यालय विरेन्द्रनगर, सुर्खेतको कार्यालय
  सिलवन्दी दरभाउपत्र दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
- यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना अहिले प्रकाशित भएका पत्रिकाहरु वा माध्यमबाट नै गरिने छ ।
- दरभाउपत्र पेश गर्दा सिलवन्दी दरभाउपत्र साथ नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त बैंकबाट ९० दिन मान्य अवधि (दरभाउपत्र खोलिने मिति देखि गणना हुनेगरी) भएको सक्कल बैंक जमानत दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ ।
  जमानत जारी गर्न पर्ने नाम (beneficiary name) : SUNDAR NEPAL SANSTHA
  खाता न : १९४००१००८०४२५०००००१ , बैंक : Nepal Bank Limited, Current account
  शाखा : Birendrangar, Surkhet
  बोलपत्रको जमानत रकम रु : दुई दशमलव पाँच प्रतिशत (२.५ %) , जम्मा गरेको भौचर अनिवार्य रुपमा बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
- दर्ता भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस सुन्दर नेपाल संस्थामा सुरक्षित रहनेछ ।
- कुनै एक व्यक्ति वा सप्लायर्सको नाममा १ वटा भन्दा बढि दरभाउ पेश गर्न पाईनेछैन ।
- पुनश्चः दरभाउ पत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा विदाको भोलिपल्ट पनि दरभाउ पत्र पेश गर्न सकिनेछ
  योग्य बोलपत्रदाताले थप जानकारीका लागि सुन्दर नेपाल संस्था कार्यालय समयमा कार्यालयमा सम्पर्क गर्न वा www.sundarnepal.org.np हेर्न सक्नेछन् ।

Karnali Province
SINJA RURAL MUNICIPALITY
Office of The Rural Municipal Executive
Narakot, Jumla

Invitation for Hardcopy Bids

Date of First Publication: 2083/07/13 (30th Oct. 2026)

1. Sinja Rural Municipality (SRM), Narakot, Jumla invites only hard copy bids from the eligible bidders for the works given in table below under National Competitive Bidding Procedures.

S.N	Contract Identification Number/Work Description	Estimated Amount Including VAT , Contengeny and P.S. (NRs	Bid Validity /Bid Security Validity Period	Bid Security Amount (NRs)	Bid Document Fees (NRs)	Bid Submission Deadline
1	Chankhuchanga khelmaidan Gabion protection Works	12700000	90 Days	280000	3,000	2083/08/04 ,12:00 PM.
2	Gora Gaun Dekhi Bhadgaun Samma road upgrading Works	12900000	90 Days	285000	3,000	2083/08/04 ,12:00 PM.

2. Information to deposit the cost of bidding document and bid security in bank is as follow respectively:
   - Name of the Bank: Nabil Bank, Sinja, Jumla
   - Revenue Account Number: 21001017500029
   - Name of Office: Sinja Rural Municipality, Narakot, Jumla
   - Security Account Number: 21001017500015
   - Office Code Number: 801066207
3. Eligible bidders may purchase the Bidding documents from the office of Sinja Rural Municipality, Narakot Jumla upon Submission of written application and payment of Non-refundable fee of NPR. 3000 no later than 2083/08/04 , 12 pm.
4. The bids will be opened in the presence of bidder's representative who choose to attain on 2083/08/04 2:00 p.m. at the office of Sinja Rural Municipality, Narakot, Jumla.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the same time on next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

ह्विलचियर नहुँदा समस्या

युग संवाददाता
जुम्ला, १२ कार्तिक ।

तिला गाउँपालिका-१, रारा गाउँकाप्रकाश रावतलाई ह्विलचियर नहुँदा समस्या भएको छ। पूर्ण रूपमा शारीरिक अपाङ्गता भएका आड वर्षीय रावतलाई सहायक सामग्री अर्थात् ह्विलचियरको अभावमा हिँड्डुल गर्न कठिन भएको प्रकाशका बुबा जगबहादुर रावतले जानकारी दिए। उनले भने, "छोराले बोल्ने र हिँडडुल गर्न सक्दैन, घर परिवारको एक जनाको साहारा चाहिन्छ। सहायक सामग्री अभावहुँदा निकै कष्ट सहनुपरेको छ।" पाँच वर्ष अगाडि आईएनएफ नेपालले प्रकाशलाई एक ह्विलचियर प्रदान गरेको थियो। अहिले बिग्रिएर कामै नलाग्ने अवस्थामा पुगिसकेको छ।

स्थानीय...

प्रदेश लोक सेवा आयोगले १० करोड ५४ लाख चार हजार रुपैयाँ बजेटमध्ये एक करोड २४ लाख २१ हजार ८२९ रुपैयाँ ४८ पैसा खर्च गरेको छ। यो ११.७८ प्रतिशत हो। मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि दुई करोड सात लाख ९० हजार रुपैयाँ विनियोजन गरिएकोमा ३३ लाख ९० हजार ८८३ रुपैयाँ ५६ पैसा खर्च भएको छ। यो १६.८९ प्रतिशत हो। कर्णाली प्रदेश योजना आयोगले चार करोड १९ लाख ८५ हजार रुपैयाँ बजेटमध्ये ४६ लाख १६ हजार ३७९ रुपैयाँ ५८ पैसा खर्च गरेको छ। यो बजेटको ११ प्रतिशत हुने गर्छ। आवश्यक अध्ययन बिनै अघि बढाइएका र वर्षौंदेखिका रुण आयोजनाका कारण बजेट कार्यान्वयन प्रभावित हुँदै आएको छ। कतिपय अवस्थामा नीतिगत अल्झनका कारण पनि बजेट कार्यान्वयनमा असर पर्दै आएको छ। प्रदेश सरकारको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा वहुवर्षिय ठुला आयोजना भन्दा पनि सालबसाली योजनाले प्राथमिकता पाउँदा प्रदेश सरकार स्थापना भएको एक दशक पुग्नै लाग्दासमेत विकास बजेट कार्यान्व्यनमा थिति बस्न सकेको छैन। २०७४ मा प्रदेश सरकार स्थापना भएको नौ वर्षको अवधिमा कर्णालीको नेतृत्व पाँच जनाले गरेका छन्। यस अवधिमा तत्कालिन नेकपा माओवादी, नेपाली कांग्रेस र एमालेले पालैपालो सरकार सञ्चालन गरेका छन्। तर, उनीहरुले प्रदेशको वास्तविक अवस्थाअनुसारको नीति लिन नसक्दा कर्णालीको मानक फेरिन सकेको छैन।

तीन...

समग्रमा, प्रदेश सरकारको असोज मसान्तसम्मको खर्च विवरणमा चालु बजेटको तुलनामा पुँजीगत बजेट खर्चको प्रगति कम देखिएको छ। कुल बजेटको ७.२० प्रतिशत खर्च हुँदा पुँजीगततर्फको खर्च प्रगति जम्मा ३.९३ प्रतिशतमा सीमित छ। तीन महिनाको अवधिमा प्रदेशको प्रशासनिक खर्च अर्थात चालु बजेट १२.२४ प्रतिशत खर्च भएको छ। प्रदेश सरकारको कुल बजेटमध्ये ३२ अर्ब ८४ करोड ९७ लाख ९६ हजार २०३ रुपैयाँ ४८ पैसा खर्च हुन बाँकी छ।

प्रदेश सरकारले बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन नसकेको यो पहिलो पटक भने होइन। कर्णालीमा बजेट खर्च नहुनुमा विविध कारण जोडिएका छन्। बजेट निर्माण गर्ने र कार्यान्वयन गर्ने निकायबीच तालमेल नमिल्दा वर्षेनी कर्णाली सरकारको कार्यसम्पादन कमजोर

हुम्ला-सुर्खेत सडक जीण

युग संवाददाता
हुम्ला, १२ कार्तिक ।

हुम्ला-सुर्खेत सडक जीर्ण हुँदा यात्रीलाई सास्ती भएको छ। वर्षा होस् वा घाम, जुनसुकैबेला पहिरो खसिरहने भएकाले यात्रा गर्न कठिन भएको हो। सडकको दयनीय अवस्थाका कारण यात्रुले निरन्तर सास्ती भोग्नुपरेको छ। कर्णाली करिडोरको यो वास्तविकताले सडक निर्माण, स्तरोन्नति र व्यवस्थापनमा सरकारको भूमिकामाथि पुनःप्रश्न उब्जाएको छ।

सर्केगाड गाउँपालिका-१, जैरका नवराज रावतले हुम्लाबाट सुर्खेतसम्मको तीनदिने जोखिमपूर्ण यात्रा पार गरेपछि कर्णाली करिडोरको अवस्थाप्रति आक्रोश व्यक्त गरे। नेपालगन्जको जमुनाहादेखि चीनको सीमावर्ती हिल्सासम्म जोड्ने महत्वपूर्ण सडकका रूपमा रहेको कर्णाली करिडोर वर्षौंदेखि यात्रुका लागि सास्तीको माध्यम बनिरहेको उनले गुनासो गरे।

रावतका अनुसार विकास र समृद्धिका ठूला विषयको उठान भए पनि कर्णालीवासीले सुरक्षित सडकमा यात्रा गर्न पाएका छैनन्। सडक निर्माण तथा स्तरोन्नतिका लागि वर्षौंदेखि बजेट खर्च हुँदै आए पनि नागरिकले सहज यात्राको अनुभूति गर्न नसकेको भन्दै उहाँले सङ्घीय सरकार र कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराए।

सडकका जोखिमपूर्ण स्थानमा बनाइएका काठे तटबन्धलगायत संरचनाको गुणस्तरमाथि प्रश्न उठाउँदै बजेट खर्चको प्रभावकारिता र निर्माणको अनुगमन गर्नुपर्ने आवश्यकता औँल्याए।

जनताले दैनिक भोग्नुपरेको कठिनाइ प्रत्यक्ष अनुभूति गरेपछि सडकको वास्तविक अवस्था बुझ्न सकिने उनको कथन थियो।

सर्केगाड गाउँपालिका-१ को खच्चामा होटल व्यवसाय गर्दै आएका डिलबहादुर कार्कीले सडकको स्तरोन्नति नभएकाले सास्ती व्यहोर्नुपरेको गुनासो गरे। त्यसैगरी, स्थानीय नवराज महताराले कबाडी-सलिसल्ला सडकखण्डको अवस्थालाई गम्भीर चुनौतीका रूपमा औँल्याए।

सडकको जोखिमपूर्ण अवस्थाले यात्रु तथा मालसामान ढुवानीमा समस्या सिर्जना गर्नुका साथै आपतकालीन अवस्थामा आवतजावत गर्नसमेत कठिन भएको स्थानीयवासीले बताएका छन्।

कर्णाली करिडोर हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने महत्वपूर्ण मार्ग हो।

उक्त सडकले स्थानीय नागरिकको आवतजावत, खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको ढुवानी, स्वास्थ्य उपचार र पर्यटनसँग प्रत्यक्ष सम्बन्ध राख्छ, तर सडकको जोखिमपूर्ण अवस्थाका कारण नागरिकले सहज र सुरक्षित यात्राको प्रत्याभूति पाउन सकेका छैनन्।

प्राकृतिक विपत्तिका कारण पहिरो तथा सडक अवरुद्ध हुने समस्या देखिए पनि जोखिम न्यूनीकरण, नियमित मर्मतसम्भार र निर्माण भएका संरचनाको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित निकायको जिम्मेवारी हो। कर्णालीवासीको अपेक्षा विकासका आश्वासन र भाषणमा मात्रै सीमित छैन।

उनीहरू सुरक्षित सडक र भरपर्दो यातायात सुविधा चाहन्छन्। सर्केगाडदेखि सुर्खेतसम्मको तीनदिने कठिन यात्राले उठाएको प्रश्न हो यो। कर्णाली करिडोरको जोखिम न्यूनीकरण र स्तरोन्नतिका लागि सरकारले प्रभावकारी कदम कहिले चाल्छ ? भन्ने हुम्ली नागरिकको सरकारसँग प्रश्न छ। यहाँका सर्वसाधारणको जिज्ञासा यहाँ पाइन्छ।

आठबीस नगरपालिका अन्तर्गत रहेका विभिन्न नदि तथा खोलाहरुबाट उत्खनन संकलन एवं विक्री वितरण गर्ने प्रयोजनका लाग तयार गरिने प्रारम्भिक वातावरणीय परिक्षण गर्नको लागि वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना !!!

(प्रकाशन मितिः २०८३/०७/१३)

कर्णाली प्रदेश दैलेख जिल्ला आठबीस नगरपालिका, दैलेख द्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	आठबीस नगरपालिका, दैलेख ईमेलः ito.aathabismun@gmail.com फोन नंः ०८९६९०४७५
प्रस्तावको व्यहोरा	आठबीस नगरपालिकामा अन्तर्गत रहेका विभिन्न नदि तथा खोलाह(रुबाट उत्खनन संकलन एवं विक्री वितरण गर्ने प्रयोजनका लाग तयार गरिने प्रारम्भिक वातावरणीय परिक्षण गर्नको लागि वातावरणीय अध्ययन प्रतिवेदन तयारी।
प्रभाव पर्न सक्ने क्षेत्र	दैलेख जिल्ला आठबीस नगरपालिका वडा नं. १, २, ३, ४, ५,६।

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न आठबीस नगरपालिकाका वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

प्रस्तावकको नाम र ठेगाना	आठबीस नगरपालिका, दैलेख ईमेलः ito.aathabismun@gmail.com फोन नंः ०८९६९०४७५
परामर्शदाताको नाम र ठेगाना	Moving Mountain Pvt.Ltd., Kathmandu, Nepal ईमेलः movingmountain01@gmail.com फोन नंः ९८४०९८३४३३

प्रमुख प्रशासकीय अधिकृत

घरायसी सामानहरूका लागि :

भवानी अर्डर एण्ड सप्लायर्स

वीरेन्द्रनगर-६, सुर्खेत,

सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्सर, ग्याँस चुल्हो, राइसकुकर, कराही, कोल बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मूल्यमा पाईन्छ ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश ल्याङ्गिज एण्ड कम्प्यूटर इन्स्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

जुवातास खेलेको र खेलाएको कानुनी अपराध हो

- जुवातास खेलेमा वा खेलाएमा, जुवातास अपराधसम्बन्धी कानुनबमोजिम सजाय हुने व्यवस्था छ ।
- पहिलो पटक जुवातास खेलेमा वा खेलाएमा तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना ।
- दोस्रो पटकमा एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना ।
- त्यसपछिको प्रत्येक पटक एक तीन महिनासम्म कैद र दस हजार रुपैयाँसम्म जरिवाना ।
- जुवा खेल्ने प्रयोजन भएको साधन, जुवातासबाट प्राप्त सम्पूर्ण धन जफत समेतको कानुनी व्यवस्था छ।


नेपाल सरकार
विज्ञापन बोर्ड

RARA Printing Pvt.Ltd.


पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)



Book & Copy Printing



Packaging Box Printing



Wedding Card Printing



Stamp



Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।